# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

वैशाख ५, २०७७

## स्वास्थ्यकर्मी तथा सर्वसाधारणलाई कुटपीट र दुर्व्यवहार नगर ।

देशमा जारी रहेको लकडाउन उल्लंघन गरेको आरोपमा गत वैशाख ३ गते त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जका चिकित्सकत्रय डा. शम्भू खनाल, डा. तेजप्रकाश शाह र डा. विकास शाह आफ्नो ड्युटी सकेर घर फर्कने क्रममा प्रहरीहरुले कुटपीट तथा दुर्व्यवहार गरेको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालका प्रतिनिधिहरु सम्मिलित आयोगको केन्द्रस्तरीय मानव अधिकार अवस्था अनुगमन समितिले प्रारम्भिक अनुगमन गरेको छ । अनुगमनबाट प्राप्त तथ्य अनुसार चिकित्सकहरुले आफ्नो परिचयपत्र देखाउँदा देखाउँदै त्यसको कुनै वास्ता नगरी प्रहरीले कुटपीट तथा दुर्व्यवहार गरेको र कुटपीटबाट डा. तेजप्रकाश शाहको दाहिने हान सुन्निएको र निलडाम रहेको पाइएको छ ।

त्यसैगरी सुनसरीमा बिरामीको उपचार गर्न हिँडेका एक स्वास्थ्यकर्मीमाथि कुटपीट भएको, काठमाडौंको कलंकीमा औषधी किनेर फर्किएका व्यक्तिलाई कुटपीट गरी दुर्व्यवहार गरेको, सप्तरीमा सशस्त्र प्रहरीले सर्वसाधारणमाथि अमानवीय ढङ्गले कुटपीट गरेको, बैतडी, दार्चुलालगायतका जिल्लाहरुमा समेत प्रहरीले सर्वसाधारणमाथि दुर्व्यवहार गरेको पाइएको छ ।

कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि अग्रपंक्तिमा रही कार्य गर्ने स्वास्थ्यकर्मीहरुमाथि भएका यसप्रकारका कुटपीट तथा दुर्व्यवहारले जनस्वास्थ्यको हालको सङ्कटको अवस्थामा उच्चमनोबलका साथ कार्य गर्नुपर्ने पेशाकर्मीहरुको मनोबल र प्रतिष्ठामा प्रत्यक्ष असर पर्ने भएकाले त्यस्तो कार्यको पुनरावृत्ति हुन नदिने कुराको सुनिश्चितता गर्न, दोषी प्रहरीलाई कानुनबमोजिम कारवाही गर्न, घाइतेहरुको निशुल्क उपचार गर्न तथा सम्पूर्ण प्रहरीहरुलाई संयमित भई कार्य गर्न समेत आयोग आग्रह गर्दछ । साथै, लकडाउनको अवस्थामा नेपाल सरकारले जारी गरेका निर्देशनहरुको पालना गर्दा/गराउँदा स्वास्थ्यकर्मी, पत्रकार, मानव अधिकारकर्मी तथा सर्वसाधारणप्रति संयमित र मर्यादित व्यवहार गर्न समेत आयोग आग्रह गर्दछ ।

.......................
वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org